श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०४०।१।४ को निर्णयानुसार लोक सेवा आयोग वा अन्तर्गत कार्यालयका राजपत्राँकित तृतीय श्रेणीका श्री गोविन्दप्रसाद सिग्देललाई पर्यटन मन्त्रालय वा अन्तर्गत कार्यालयको राजपत्राँकित तृतीय श्रेणी, (नेपाल प्रशासन सेवा) को पदमा सरुवा गरेको छ ।

आज्ञाले,
विश्वराज रेग्मी
उप-सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३९।१०।१९ को निर्णयानुसार राष्ट्रिय योजना आयोगको सचिवालयका नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका उप-सचिव श्री रामबहादुर के. सी. को पदाधिकार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सारी निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही मितिदेखि वाणिज्य विभागको महानिर्देशक पदमा कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मिति २०३९।१०।१९ को निर्णयानुसार महालेखा परीक्षकको विभागका निर्देशक, लेखापरीक्षण सेवा राजपत्राङ्कित द्वितीय श्रेणीका श्री विष्णुबहादुर खत्रीलाई निजको पदाधिकार साबिक बमोजिम कायम राखी विकास क्षेत्र निरीक्षण टोलीको कार्यालय प्रमुख, राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।